नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३ मितिः २०८३।०३।१०

चलानी नं.: ५१५ ने.सं. ११४६

**विषयः सामुदायिक पशु व्यवस्थापन सम्बन्धमा ।**

श्री स्थानीय तह (सबै) ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको प.सं. प.स्वा.म/२०८२/०८३, मिति २०८३।३।५, च.नं. ९६ को सामुदायिक पशु व्यवस्थापन सम्बन्धि पत्र आवश्यक जानकारी एवं कार्यार्थ पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

३।१०

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

**श्री सूचना प्रविधि शाखाः** मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन ।

श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार ।

नेपाल सरकार
**कृषि, वन तथा पर्यावरण मन्त्रालय**
पशु स्वास्थ्य महाशाखा

☎ ४२११४७८
फ्याक्स ४२११९३५
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

भूमि व्यवस्था, सहकारी, सङ्घीय ... सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: 420
मितिः ३।८

प.सं : प.स्वा.म/०८२/८३
च.नं. : ९६

मिति: २०८३/०३/०५

विषय: सामुदायिक पशु व्यवस्थापन सम्वन्धमा।

श्री भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ।

उपरोक्त सम्वन्धमा गृह मन्त्रालयको च.नं. २२०४ मिति २०८३/२/२० को पत्र मार्फत यस मन्त्रालयमा सारा जनावर उद्धार केन्द्र, नेपाल सहितका विभिन्न पशु कल्याण सम्बन्धी संस्थाहरुले पेश गरेका माग र मन्त्रालयमा भएको छलफलका आधारमा स्थानिय सरकार संञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानुन अनुसार पशु कल्याण प्रवर्द्धनमा देहायका विषयहरु स्थानिय तहबाट सम्बोधनका लागी तहाँ मन्त्रालय मार्फत स्थानियत तहहरुमा पत्राचार गरिदिनहुन मिति २०८३/०३/०५ को मन्त्रालय (सचिवस्तर)को लागि अनुरोध छ।

तपसिल

१. आफ्नो क्षेत्रमा पर्ने सामुदायिक पशुको व्यवस्थापन र नियमन (कुकुर विरालो लगाएतका समुदायिक पशुको पञ्जिकरण) सम्बन्धमा।
२. पशु चिकित्सक बिना सञ्चालनमा रहेका भेटेरिनरी अस्पताल नियमन गर्ने सम्बन्धमा।
३. आधारभुत पशु उपचार सेवालालाई सहज र सुलभ तथा पहुँच योग्य बनाउने गरी आगामी आर्थिक वर्षमा जनशक्ती र भौतिक संरचना तथा वजेटको व्यवस्था सम्बन्धी।
४. भेटेरिनरी सेवा आवश्यक सेवा अन्तर्गतको सेवा भएकोले गैहसरकारी वा सरकारी क्षेत्रमा आकास्मिक भेटेरिनरी विदाका दिनमा समेत प्रवाह हुने व्यवस्था गर्ने सम्वन्धमा।
५. पशु कल्याणका लागि खोलिएका संस्थाको नियमन सम्वन्धमा।
६. सामुदायिक पशुको सेल्टरको व्यवस्था गरी तिनिहरुको औषधि उपचारको व्यवस्थालाई प्रथामिकता दिने सम्बन्धमा।
७. जिउँदो पशुको रगत खाने जस्ता संस्कृतिक कार्यहरु तथा विभिन्न मनोरञ्जनमा प्रयोगहुने पशुलाई क्रमश न्यूनिकरण गर्ने खालका नियमनात्मक तथा प्रवर्द्धनकारी कार्यक्रमलाई प्रथामिकतामा दिने सम्बन्धमा।
८. सुकुम्बासी वस्ती हटाई सके पछी त्यस स्थानमा रहेका छाडा पशुका लागि सेल्टर व्यवस्था तथा रेस्क्यु सम्बन्धमा।

२०८३/०३/०५

डा. मनोज कुमार शाही
(वरिष्ठ पशु चिकित्सक)

बोधार्थ :-

मा. मन्त्रीज्यूको सचिवालय, कृषि वन तथा पर्यावरण मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।
श्री सारा जनावर उद्धार केन्द्र, नेपाल
श्री श्रीज रेस्क्यु एनिमल नेपाल
श्री प्राणी आमा, नेपाल